Sindhu Bikash Bank Ltd.
सिन्धु विकास बैंक लि.
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको ईजाजत पत्र प्राप्त संस्था
(सिन्धुपाल्चोक, काभ्रे, दोलखा, चितवन र मकवानपुर जिल्ला कार्यक्षेत्र भएको)

**Head Office :** Barhabise, Sindhupalchok, Nepal
Tel: 011-489245/46/47
**Corporate Office :** Banepa, Kavre
Tel: 011-662340/41/51, Fax: 977-11-662346
E-mail: info@sindhubank.com.np
www.sindhubank.com.np

**कर्पोरेट कार्यालय बनेपा, काभ्रे ।**

च.नं. ५७ /०७९/०८०

मिति: २०७९/०४/२६

श्री नेपाल स्टक एक्सचेन्ज लि.,
सिंहदरवार, काठमाण्डौं

**बिषय : १२औं बार्षिक साधारण सभाको निर्णय (माईन्युट) पेश गरिएको बारे ।**

महोदय,

यस सिन्धु बिकास बैंक लि. को मिति २०७९/०४/०६ गते सम्पन्न बह्रौं बार्षिक साधारण सभाद्वारा गरिएको निर्णयहरु (माईन्युट) यसै पत्र साथ संलग्न गरी तहाँको जानकारीको लागी पेश गरिएको ब्यहोरा अनुरोध गर्दछु ।

धन्यवाद ।

**बोधार्थ:**

श्री नेपाल राष्ट्र बैंक
बैंक तथा बित्तिय संस्था नियमन बिभाग बालुवाटार, काठमाण्डौं ।
श्री नेपाल राष्ट्र बैंक,
बित्तिय संस्था सुपरिबेक्षण बिभाग बालुवाटार, काठमाण्डौं ।
श्री कम्पनि रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं ।
श्री नेपाल धितोपत्र बोर्ड,खुमलटार, ललितपुर ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लि. पुतलिसडक, काठमाण्डौं ।
श्री एनआईबिएलएस क्यापिटल लि. लाजिमपाट, काठमाण्डौं ।

पुस्कर जि.सी.
कम्पनी सचिव

# सिन्धु बिकास बैंक लिमिटेडको

## बाह्रौ वार्षिक साधारण सभाको निर्णय

सिन्धु बिकास बैंक लि. को बाह्रौ बार्षिक साधारण सभा (12th Annual General Meeting ) संचालक समितिका अध्यक्ष श्री राजेन्द्र कुमार श्रेष्ठको अध्यक्षतामा निम्न लिखित मिति, समय तथा स्थानमा बसि देहायका बिषयहरु उपर छलफल तथा निर्णय भई सुसम्पन्न भयो ।

**१) बाह्रौ बार्षिक साधारण सभा बसेको मिति, समय र स्थान**

मिति : २०७९ साल श्रावण ६ गते शुक्रवार, (तदनुसार २२ जुलाई, २०२२)
समय : विहान १०:०० बजे
स्थान : मिरावल होटेल रिसोर्ट, धुलिखेल, काभ्रेपलाञ्चोक ।

**२. छलफलका बिषयहरु :**

**(क) सामान्य प्रस्ताब**

१) आ.व. २०७७/०७८ को संचालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२) लेखापरिक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व.२०७७/७८ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तिय विवरणसँग सम्वन्धित अनुसुचीहरु छलफल गरी पारित गर्ने ।

३) लेखा परिक्षण समितिले सिफारिस गरे वमोजिम आ.व.२०७८/७९ का लागी लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) संचालक समितिमा सर्वसाधारण शेयरधनीहरुका तर्फबाट प्रतिनिधित्व गर्ने ३ (तीन) जना संचालकहरुको निर्वाचन गर्ने ।

**ख) विशेष प्रस्ताव**

१) सञ्चालकको बैंठकं भत्ता लगायतका सुविधामा बृद्धि गर्न बैंकको नियमावांलीको नियम ३२ (१) मा संशोधन गर्ने ।

२) सिन्धु विकास बैंक र अन्य कुनै उपयुक्त बैंक तथा वित्तिय संस्था एक आपसमा गाभ्ने/गाभीने (Merger) वा प्राप्ती (Acquire) गर्ने सम्वन्धमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मुल्याकंन (Due Diligence Audit - DDA) गर्न मान्यता प्राप्त मुल्याकंनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने, गाभ्ने, गाभिने प्राप्ती गर्ने सम्वन्धी समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र आवश्यक अन्य प्रकृया पुरा गरी सो मा हस्ताक्षर गर्ने अधिकारी तोक्ने लगायतका मर्जर वा प्राप्ती सम्वन्धी अन्य आवश्यक सम्पुर्ण प्रकृया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

३) बैंकको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन स्विकृत गर्ने तथा नियमनकारी निकायहरुबाट थपघट/फेरवदल गर्न निर्देशन प्राप्त भएमा सो अनुसार गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**ग) विविध**

३)        **साधारण सभा सम्बन्धि सुचना :**

मिति २०७९ साल असार १७ गते बसेको संचालक समितिको ३५२औं बैठकको निर्णय अनुसार बाह्रौ वार्षिक साधारण सभा हुने स्थान, मिति, समय र छलफल हुने बिषय समेत खोली पठाईएको सूचना कम्पनी ऐन २०६३ को दफा ६७ (२) वमोजिम मिति २०७९ असार १८ गतेको नयाँ पत्रिका दैनिकमा तथा २०७९ असार २८ गतेको कारोवार दैनिकमा दोस्रो पटक शेयरधनी माहानुभावहरुको जानकारीको लागि सूचना प्रकासित गरि, लेखापरिक्षण प्रतिबेदन सहितको आ.व. २०७७/०७८ को बित्तिय विवरण समावेश भएको वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुको व्यक्तिगत ठेगाना तथा ईमेल मार्फत पठाईएको थियो ।

४)        **उपस्थिती :**

**क) कम्पनी ऐन २०६३ को दफा ६८ बमोजिम संचालकहरुको उपस्थिती :**

| | |
|---|---|
| १. श्री राजेन्द्र कुमार श्रेष्ठ | : अध्यक्ष |
| २. श्रीमती निभा डंगोल (श्रेष्ठ) | : संचालक |
| ३. श्री दिनेश कुमार के.सी. | : संचालक |
| ४. श्री सुनिल मान शाक्य | : स्वतन्त्र संचालक |

**ख) अन्य पदाधिकारीहरुको उपस्थिती :**

| | |
|---|---|
| १. श्री राम कुमार गिरी | : प्रमुख कार्यकारी अधिकृत |
| २. श्री प्रमोद न्यौपाने | : नायब महाप्रबन्धक |
| ३. श्री रविन कुँवर क्षेत्री | : व्यवस्थापक |
| ४. श्री पुस्कर जि.सी. | : कम्पनी सचिव |

**ग) शेयरधनीहरुको उपस्थिती :**

| | |
|---|---|
| १. शेयर धनी स्वयंम उपस्थिती | १२,०५,७९४/- |
| २. प्रतिनिधी ( प्रोक्सी ) मार्फत | १७,४०,८१९ /- |
| **जम्मा उपस्थिती** | **२९,४६,६१३/-** |

**घ)        गणपुरक संख्या :**

बाह्रौ वार्षिक साधारण सभामा उपस्थित हुनु भएका शेयरधनीहरुले धारण गर्नु भएको शेयर संख्याका आधारमा जम्मा उपस्थिती **५२.८५** प्रतिशत रहेकोले कम्पनी ऐन २०६३ दफा ७३ (२) बमोजिम गणपुरक संख्या पुगेको हुँदा कानूनतः सबै प्रकृया पुरा भएको जानकारी कम्पनी सचिव मार्फत सभालाई जानकारी भयो ।

Sindhu Bikash Bank Ltd.

५) **सभाको बैधानिकता तथा सभापतित्व :**

कम्पनी सचिवले उपस्थित शेयरधनी महानुभावहरुलाई कम्पनीको तर्फबाट स्वागत गर्दै, कम्पनी ऐन २०६३ बमोजिम शेयरधनीहरुलाई पठाईएको सूचना अनुसार शेयरधनी माहानुभावहरुको उपस्थिती र गणपुरक संख्या ऐनमा उल्लेख भए बमोजीम पर्याप्त रहेको ब्यहोरा सभालाई अवगत गराउनु भयो ।

६) **स्वागत मन्तब्य:**

बैंकका संचालक श्री दिनेश कुमार के.सी. ज्यूले यस १२औं साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनि महानुभाव तथा उपस्थित अन्य अतिथिहरुलाई बैंकको तर्फबाट मन्तब्य सहित स्वागत गर्नुभयो ।

७) **सभा संचालन तथा प्रतिबेदन प्रस्तुती :**

बाह्रौं वार्षिक साधारण सभामा अध्यक्षज्यूले उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै आ.व. २०७७/०७८ को संचालक समितिको प्रतिवेदन सभामा पढेर सुनाउनु भयो । तत्पश्चात संचालक समितिको प्रतिवेदन, आ.व. २०७७/०७८ को लेखापरिक्षण प्रतिवेदन सहितको वासलात, नाफा नोक्सानको हिसाव किताव तथा नगद प्रवाहाको विवरण छलफलका लागि प्रस्तुत गर्नु भई, सो उपर छलफल गर्न, र यसका विविध पक्षका बारेमा आफ्नो बिचार, मन्तव्य, प्रतिकृया एवम् जिज्ञासाहरु व्यक्त गर्नको लागि सबै शेयरधनीहरुलाई सामुहिक रुपमा अनुरोध गर्नु भयो ।

८) **छलफलमा सहभागी शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएको राय सुझाब तथा प्रतिकृयाहरु :**

**(क) श्री शम्भु बहादुर तिमल्सिना :**

यस बैंकका संस्थापक शेयरधनी श्री शम्भु बहादुर तिमल्सिनाले बैंकको **१२औं** वार्षिक साधारण सभाको सफलताको कामना गर्दै बैंकले गुणस्तरीय सेवा र शेयरधनीहरुलाई उचित लाभांश प्रदान गर्न योग्य कर्मचारी भर्ना गर्नु पर्ने कुरामा जोड दिनु भयो । उहाँले योग्य कर्मचारी नियुक्तीद्धारा बैंकिङ् क्षेत्रमा भएका जोखिम न्यूनीकरण गर्न सकिने बिचार व्यक्त गर्नु भयो । साथै उहाँले बैंकको बित्तिय अवस्थालाई मध्यनजर गर्दै शेयरधनीहरुलाई लाभांश दिन नसकेकोमा गुनासो समेत व्यक्त गर्नु भयो ।

**ख) श्री बेद बहादुर श्रेष्ठ :**

यस बैंकका संस्थापक शेयरधनी श्री बेद बहादुर श्रेष्ठ १२औं बार्षिक साधारण सभाको सफलताको कामना व्यक्त गर्दै सिन्धु बिकास बैंकले शेयरधनीहरुको लगानीको उचित प्रतिफल प्राप्त गर्न नसकेकोमा दुःख व्यक्त गर्दै उहाँले आगामी दिनहरुमा बैंकको बित्तिय अवस्थामा सुधार गर्नु पर्ने बताउनु भयो । बैंक मर्जर तथा Acquisition मा गएरै भए पनि लगानी कर्ताहरुलाई उचित प्रतिफल दिने वातावरण सृजना गराउनु पर्ने आफ्नो धारणा व्यक्त गर्दै उहाँले आउने दिनहरुमा बैंकको उत्तरोत्तर प्रगतीको कामना गर्नु भयो ।

**ग) श्री डम्मरु वल्लव घिमिरे :**

यस बैंकका साधारण शेयरधनी श्री डम्मरु वल्लव घिमिरेले १२औं बार्षिक साधारण सभाको सफलताको कामना व्यक्त गर्दै सिन्धु बिकास बैंकले मर्जरमा जाँदा आफ्नो शेयरधनीहरुको हितलाई समेत ध्यान दिनु पर्नेमा जोड दिनु भयो । जुन सुकै बैंकसँग मर्ज गर्दा शेयरधनीहरुलाई हुन सक्ने नोक्सानीलाई इंगित गर्दै उहाँले सके सम्म मर्जमा नजान सुझाव दिनुभयो तर मर्जरमा जानै पर्ने भएमा सम्मानजनक ढंगले शेयरधनीहरु र कर्मचारीहरुको समग्र हित हुने गरी Merger तथा Acquisition जान सुझव दिनु भयो ।

Sindhu Bikash Bank Ltd.

घ) श्री शिव राज पौडेल (प्रतिनिधि कर्मचारी संचय कोष)

यस बैंकको संस्थापक शेयरधनी श्री कर्मचारी संचयकोषबाट प्रतिनिधित्व गर्दै सभामा सहभागीता जनाउनु भएका श्री **शिव राज पौडेलले** बैंकको **१२औं** बार्षिक साधारण सभाको सफलताको कामना गर्दै बैंकले आफ्नो वित्तिय अवस्थामा सुधार गर्नु पर्ने कुरामा जोड दिनु भयो । साथै उहाँले सम्मानजनक मर्जरको प्रस्ताव नआएसम्म हतार गरेर Merger तथा Acquisition मा जान नहुने बिचार व्यक्त गर्दै आगामी वर्षहरुमा बैंकले आफ्नो बित्तिय अवस्था सुधार गरेर लगानीकर्ताहरुलाई उचित प्रतिफल दिनु पर्ने कुरामा जोड दिनु भयो ।

९) **शेयरधनी महानुभावहरुको राय, सुझाव तथा प्रतिकृयाहरु उपर अध्यक्षज्यूको तर्फवाट प्रमुख कार्यकारी अधिकृत श्री राम कुमार गिरीको प्रत्युत्तर ।**

बैंकको कृयाकलाप प्रति अत्यन्त रुचि राखि सञ्चालक समिति तथा व्यवस्थापनले गरेको काम कार्यवाहीहरु उपर प्रत्यक्ष रुपमा राय, सल्लाह, सुझाव एवम् प्रतिकृया दिई हामीलाई मार्ग दर्शन एवं प्रेरणा प्रदान गर्नुहुने सम्पूर्ण शेयरधनी महानुभावहरु प्रति हार्दिक आभार व्यक्त गर्नु भयो ।

छलफलका क्रममा शेयरधनीद्धारा व्यक्त गरिएका सान्दर्भिक बिचार, अमूल्य सुझावहरुलाई सम्भव भएसम्म कार्यन्वयन गर्न व्यवस्थापन प्रतिवद्ध रहेको कुरा सभालाई जानकारी गराउनु भयो । आगामी दिनहरुमा पनि सकारात्मक सल्लाह एवम् सुझाव निरन्तर पाईरहने कुरामा विश्वस्त रहेको कुरा ब्यक्त गर्नु भयो । साथै गत बर्ष कोभिड १९ का कारण उत्पन्न विषम परिस्थितिले गर्दा बैंकका केहि ठूला ऋणीहरुबाट कर्जा अशूलीका क्रममा प्राप्त भएको गैह्र बैंकिङ्ग सम्पत्तिलाई बिक्री गर्न थप समय लागेकाले बैंकको नाफामा केही संकुचन आएको, संचालन खर्च बढ्दै गएको कारण शेयरधनीहरुलाई लाभांश प्रस्ताव गर्न नसकिएको जानकारी गराउनुभयो । साथै हाल बैंकको खराव कर्जाहरु क्रमैसँग चुक्ता हुदै गईरहेको, विभिन्न शिर्षकहरुमा कर्जा लगानी बढ्दै गएको तथा व्यवस्थापन जोखिमहरु कम गर्दै थप चुस्त दुरुस्त बनाउदै लगिएकाले आगामी बर्षहरुमा शेयरधनीहरुलाई उचित लाभांश दिन बैंक व्यवस्थापन कटिबद्ध भएर लागी परिरहेको समेत सभालाई जानकारी गराउनु भयो । साथै आगामी साधारण सभाका लागी समयमै वार्षिक प्रतिवेदन उपलब्ध गराउने प्रतिवद्धता समेत सभालाई गराउनु भयो ।

१०) **सभाको निर्णयहरु :**

क) <u>सामान्य प्रस्ताव उपर निर्णय</u> :

१) संचालक समितिको तर्फवाट अध्यक्षज्युले प्रस्तुत गर्नु भएको आ.व. २०७७/७८ को संचालक समितिको प्रतिवेदन सर्वसम्मतले पारित गरियो ।

२) लेखापरिक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व.२०७७/७८ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तिय विवरणसँग सम्वन्धित अनुसुचीहरु छलफल गरी सभाद्धारा सर्वसम्मतले पारित गरियो ।

३) लेखापरिक्षण समितिले सिफारिस गरे वमोजिम आर्थिक बर्ष २०७८/०७९ को लेखापरिक्षण गर्नका लागि लेखापरिक्षक **श्री नेपाल एसोसियट्स, चार्टड एकाउन्टेन्ट (सि.ए. रमेश नेपाल)** लाई आ. ब. २०७८/०७९ का लागी बाह्य लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक रु.३,३०,०००/- (अक्षेरुपी तीन लाख तीस हजार मात्रै) (भ्याट बाहेक) निर्धारण गर्ने साथै उक्त फर्मलाई यातायात तथा होटल खर्च वापत पारिश्रमिक रकमको वढिमा २५ प्रतिशतसम्म हुन आउने रकम प्रदान गर्ने निर्णय गरियो ।

Sindhu Bikash Bank Ltd.

४) संचालक समितिका सर्वसाधारण शेयरधनिहरुको तर्फबाट प्रतिनिधित्व गर्ने ३ जना संचालकहरुको निर्वाचन गर्ने प्रयोजनका लागी निर्वाचन अधिकृत अधिवक्ता श्री सुदर्शन आचार्यले प्रकाशन गर्नु भएको निर्वाचन सम्बन्धी कार्यक्रम अनुसार निर्धारित समय, मिति र स्थानमा ३ जना सर्वसाधारण शेयरधनीहरु श्री संजिव प्रधान, श्री बसन्त कुमार कटुवाल र श्री समिर कक्षपतीको मात्र मनोनयन पत्र दर्ता हुन आएकाले मनोनयन पत्र दर्ता गर्नु हुने **श्री संजिव प्रधान, श्री बसन्त कुमार कटुवाल र श्री समिर कक्षपती** आगामी ४(चार) बर्षे कार्यकालको लागी संचालक पदमा निर्विरोध निर्वाचित हुनु भएको ब्यहोरा सहित निर्वाचन अधिकृत अधिवक्ता श्री सुदर्शन आचार्यले प्रस्तुत गर्नु भएको निर्वाचन सम्बन्धी प्रतिवेदनलाई सभाद्धारा सर्वसमत रुपले पारित गरियो ।

**ख) विशेष प्रस्ताव उपर निर्णय :**

१) सञ्चालकहरुको बैठक भत्ता लगायतका सुविधामा बृद्धि गर्न बैंकको नियमावालीको नियम ३२ (१) मा संसोधन गर्न सभामा पेश भएको प्रस्ताव उपर छलफल हुँदा नियमावलीको नियम ३२ (१) को (ख) मा भएको ब्यवस्था वमोजिम बैंकको अध्यक्ष तथा संञ्चालकहरुको बैठक भत्ता लगायतका सुविधा हाललाई यथावत कायम राख्ने सभाद्धारा निर्णय गरियो र नियमावलीको नियम ३२ (१) को (ग) मा रहेको अध्यक्ष तथा संचालकहरुको दैनिक भ्रमण भत्ता सम्वन्धी साविकको व्यवस्थालाई संसोधन गरी निम्नानुसार कायम गर्ने निर्णय गरियो ।

**नियमावलीको नियम ३२ (१) को (ग) मा संसोधन:** अध्यक्ष लगायत संचालकहरुले बिदेश भ्रमण गर्दा दैनिक भ्रमण भत्ता वापत भारतमा दैनिक भा.रु. ५,०००/-, भारत वाहेक अन्य सार्क तथा एशियाली मुलुकहरुमा दैनिक अमेरिकी डलर २००/- र अमेरिका, अष्ट्रेलिया तथा युरोपेली लगायत अन्य मुलुकमा दैनिक अमेरिकी डलर ३००/- कायम हुने गरी निणर्य गरियो ।

२) सिन्धु विकास बैंक र अन्य कुनै उपयुक्त बैंक तथा वित्तिय संस्था एक आपसमा गाभ्ने/गाभीने (Merger) वा प्राप्ती (Acquire) गर्ने सम्वन्धमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मुल्याकंन (Due Diligence Audit -DDA) गर्न मान्यता प्राप्त मुल्याकंनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने, गाभ्ने, गाभिने प्राप्ती गर्ने सम्वन्धी समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र आवश्यक अन्य प्रकृया पुरा गरी सो मा हस्ताक्षर गर्ने अधिकारी तोक्ने लगायतका मर्जर वा प्राप्ती सम्वन्धी अन्य आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्नको लागी संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

३) बैंकको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन स्विकृत गर्ने तथा नियमनकारी निकायहरुबाट थपघट/फेरवदल गर्न निर्देशन प्राप्त भएमा सो अनुसार गर्न संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**ग) बिबिध :** विविधमा अन्य केही प्रस्तावहरु नरहेको ।

११) **धन्यवाद ज्ञापन तथा सभा बिसर्जन :**

बैंकका प्रमुख कार्यकारी अधिकृत श्री राम कुमार गिरीले यस विकास बैंकको **बाह्रौं** बार्षिक साधारण सभामा उपस्थित भई आफ्नो अमूल्य समय प्रदान गरि यस गरिमामय सभालाई सफल बनाई दिनु भएकोमा उपस्थित सम्पूर्ण शेयरधनि महानुभावहरु, अतिथि ज्यूहरु, पत्रकार मित्रहरु लगाएत सम्पूर्ण कर्मचारीवर्गमा हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो ।

Sindhu Bikash Bank Ltd.

साथै सभाका सभाध्यक्ष तथा बैंकका अध्यक्ष श्री राजेन्द्र कुमार श्रेष्ठले बैंकका लगानीकर्ताहरुलाई उच्चतम् प्रतिफल दिन निरन्तर क्रियाशिल रहने प्रतिबद्धता व्यक्त गर्नुभयो । आगामी दिनहरुमा बैंकलाई थप सवल र सुदृड गर्न आवश्यक सहयोग, सल्लाह तथा सुझावहरुको अपेक्षा रहेकोले सवैले आ-आफ्नो क्षेत्रबाट सहयोग गरि दिनु हुन समेत शेयरधनी महानुभावहरु, कर्मचारी परिवार, नियमाकारी निकायहरु, पत्रकार मित्रहरुलाई अनुरोध गर्दै उपस्थित सवै महानुभावहरुलाई धन्यवाद ज्ञापन गरी बैंकको १२औं **(बाह्रौं) बार्षिक साधारण सभा** बिसर्जन भएको घोषणा गर्नु भयो ।

..............................
(पुस्कर जि.सी.)
कम्पनी सचिव

..............................
(राजेन्द्र कुमार श्रेष्ठ)
अध्यक्ष